# कृषि तथा वन विज्ञान विश्वविद्यालय
## रजिष्ट्रारको कार्यालय
## Agriculture and Forestry University
## Office of the Registrar
Rampur, Chitwan, Nepal


मितिः २०७८/१०/०४

**कोभिड -१९ को नयाँ भेरियन्ट ओमिक्रोन संक्रमणको सम्वन्धमा कृषि तथा वन विज्ञान विश्वविद्यालयको अत्यन्त जरुरी सूचना।**

विश्वव्यापी रूपमा फैलिदै गइरहेको नयाँ भेरियन्ट सहितको कोभिड- १९ को महामारीको नेपालमा समेत संक्रमण वढ्दै गईरहेको र सोको रोकथाम तथा नियन्त्रणका लागि नेपाल सरकार मन्त्रिपरिषद र प्रदेश सरकार एवं स्थानिय निकायवाट विभिन्न समयमा भएका निर्णय एवं सूचना वमोजिम यस कृषि तथा वन विज्ञान विश्विद्यालय अन्तर्गत संकाय, कलेज एवं निकायहरूमा तपशिल बमोजिम पठनपाठन र प्रशासन सम्वन्धी कार्य गर्न गराउन मिति २०७८/१०/२ मा निर्णय भएको हुँदा सम्वन्धित सबैको लागि यसै सूचनाद्वारा जानकारी गराईन्छ।

१. यस विश्वविद्यालय अन्तर्गत संकाय एवं आंगिक कलेजहरूमा शैक्षिक कार्यक्रमहरू संचालन गर्दा स्थानिय प्रशासनले लकडाउन तथा निषेध आदेश जारी गरेमा अत्यावश्यक सेवा वाहेकका अन्य जनसम्पर्कका कार्य, सेवा हरू वन्द गर्ने।

२. सवै प्रकारका सभा, जुलुस, भेला वा धेरै मानिस भेला हुने क्रियाकलाप २०७८ माघ मसान्तसम्म संचालन नगर्ने।

३. यस विश्वविद्यालय अन्तर्गतका संकाय एवं कलेजहरूमा शैक्षिक कार्यक्रमहरू संचालन गर्नुपर्दा भर्चुअल वा वैकल्पिक शिक्षण सिकाई अपनाई संचालन गर्ने।

४. संकाय एवं कलेजहरूमा शैक्षिक कार्यक्रम बन्द गर्नुपर्ने अवस्था आएमा नेपाल सरकार मन्त्रिपरिषद र प्रदेश सरकार एवं स्थानिय तह वाट सूचना प्रकाशन गरि अनुरोध भएमा वर्षे वा हिउँदे बिदावाट बिदा कट्टा हुनेगरि हाललाई बढिमा २० दिनसम्म शैक्षिक कार्यक्रमहरू मात्र बन्द गर्ने।

५. विश्वविद्यालय, संकाय, कलेजको पूर्व निर्धारित परीक्षा, जनशक्ति भर्ना सम्वन्धी परीक्षा, विद्यार्थी भर्ना सम्वन्धी परीक्षा, सवै किसिमका प्रयोगात्मक कक्षा तथा परीक्षाहरू जनस्वास्थ्यको मापदण्ड पालना गरि संचालन गर्ने।


**Central Office:** Rampur, Chitwan, Nepal
**Tel. No.:** +977-56-591655, 591777, **Fax No.:** 056-592101
**Website:** www.afu.edu.np

# कृषि तथा वन विज्ञान विश्वविद्यालय
## रजिष्ट्रारको कार्यालय
# Agriculture and Forestry University
## Office of the Registrar
Rampur, Chitwan, Nepal

६. वैठक गोष्ठी सेमिनार जस्ता क्रियाकलापहरू संचालन गर्दा भर्चुअल माध्यमवाट गर्ने । भौतिक रूपमा उपस्थित भई गर्नुपरेमा जनस्वास्थ्यका मापदण्ड पालना गरि गर्ने । एन्टिजेन परिक्षण गरि रिपोर्ट नेगेटिभ आएका बढीमा पच्चिस जना मात्र सहभागी रहने गरी संचालन गर्ने । यस प्रकारका क्रियाकलाप संचालन गर्दा २०७८ माघ ७ गते पछि त्यस्तो कार्यक्रममा खोपको पुरा मात्रा लगाएका व्यक्तिहरूमात्र उपस्थित हुनेगरि संचालनको व्यवस्था मिलाउने ।

७. विश्वविद्यालय, संकाय र अंगिक कलेज परिसरमा सेनिटाईजर र मास्कको प्रयोग अनिवार्य गर्ने । कुनै व्यक्तिले मास्क नलगाई आएमा वढीमा ५ रूपैयाँ लिई मास्क उपलव्ध गराउने । मास्क नलगाउने व्यक्तिलाई शैक्षिक एवं प्रशासनिक क्षेत्रमा प्रवेश गर्न नदिने ।

८. विश्वविद्यालय क्षेत्रमा कार्यरत शिक्षक कर्मचारी कोभिड-१९ वाट संक्रमित भई अस्पताल बसेको भएमा अस्पतालवाट डिस्चार्ज भएको तिन दिनसम्म तथा होम आईसोलेशनमा बसेको भए सात दिन सम्मको लागि र कन्ट्रयाक्ट ट्रेसिङमा परेकोमा सम्वन्धित निकाय प्रमुखको अनुमति लिई कोभिड-१९ परीक्षण नगरेसम्म बढिमा १० दिनसम्मको लागि निजको संचित वा पाउने बिदावाट कट्टा नहुने गरी बिदा मिलाउने ।

९. यसमा उल्लेखित बाहेकका अन्य सेवा वा कार्य संचालन गर्दा गराउँदा जनस्वास्थ्यका मापदण्डहरू अनिवार्य रूपमा पालना गर्नु, गराउनु पर्ने ।

१०. माथि उल्लेखित कार्यहरूवाहेक एक पटकमा पच्चिसको संख्या भन्दा वढी जम्मा हुने क्रियाकलाप संचालन गर्नुपरेमा सम्वन्धित प्रमुख जिल्ला अधिकारीको पूर्व स्वीकृतिमा जनस्वास्थ्यका मापदण्ड लगायतका सम्वन्धित प्रमुख जिल्ला अधिकारीले तोकेको मापदण्ड पालना गर्ने गरि प्रमुख जिल्ला अधिकारीको स्वीकृति लिएर मात्र गर्ने ।

प्रा.डा. शारदा थपलिया
रजिष्ट्रार